जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ३१६ • २०८३ भदौ १९ गते शुक्रवार • 4 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेशका १९२ जनामध्ये ३० जना सम्पर्कमा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ भदौ**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि सम्पर्कविहीन भएका मधेश प्रदेशका १९२ जनामध्ये ३० जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन् ।

१६२ जना भने अझै सम्पर्कविहीन रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सम्पर्कविहीन भएकामध्ये ३० जना टेलिफोनमार्फत परिवारको सम्पर्कमा आएका हुन् ।

बाढी तथा पहिरोपछि प्रदेशका विभिन्न जिल्लाबाट नागरिक सम्पर्कविहीन भएको सूचना आएपछि प्रहरीले उनीहरूको खोजी तथा विवरण संकलनलाई तीव्रता दिएको छ । प्रहरीका अनुसार सम्पर्कमा आउनेमा पर्साको वीरगञ्ज महानगरपालिकामा बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ र श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम तथा स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता रहेका छन् ।

त्यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन र सलमान अन्सारी तथा ईशनाथ नगरपालिका-४ का सेख मजिद पनि सम्पर्कमा आएका छन् । चन्द्रपुर नगरपालिकाका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवालसमेत परिवारको सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

सर्लाहीको लालबन्दी नगरपालिका-१ का वृजकिशोर दास र सुनिता दास तथा बागमती नगरपालिका-६ का दिपेश थापा पनि सम्पर्कमा आएका छन् । महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिकाका युवराज पाण्डे, औरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिबास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

धनुषाको सबैला नगरपालिकाका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार तथा जनकपुरधाम उपमहानगरपालिका -४ का रीतिक झा र विक्रम ठाकुर पनि सम्पर्कमा आएका छन् ।

जनकपुरधाम-११ का सुशान्त यादव, सिरहाको गोलबजार-१० का टार्जन

बांकी पृष्ठ ४ मा




## मिथिला बिहारी नगरपालिकाले करिब ३० लाख रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ भदौ**




रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले धनुषाको मिथिला बिहारी नगरपालिकाले करिब ३० लाख रुपैयाँ सहयोग गर्ने भएको छ ।

नगरपालिकाले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढी र पहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । नगरपालिकाको कार्यपालिका तथा विपद् व्यवस्थापन समितिको निर्णयअनुसार जनप्रतिनिधि, कर्मचारी, नगरपालिका विपद् व्यवस्थापन कोष तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीबाट रकम संकलन गरिएको हो । नगरपालिकाका अनुसार विपद् व्यवस्थापन कोषबाट १० लाख रुपैयाँ, नगर प्रमुख राजेन्द्रप्रसाद यादवको तर्फबाट २४ हजार ५ सय रुपैयाँ, उपप्रमुखको तर्फबाट १९ हजार रुपैयाँ, वडा सदस्यहरूको तर्फबाट १ लाख २ हजार रुपैयाँ, कार्यपालिका सदस्यहरूको तर्फबाट १ लाख ३८ हजार रुपैयाँ र नगरपालिकाका कर्मचारीहरूको तर्फबाट ७ लाख ९१ हजार १२४ रुपैयाँ सहयोग संकलन गरिएको छ ।

त्यस्तै, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तर्फबाट ९ लाख ३ हजार ४८५ रुपैयाँ सहयोग जुटाइएको नगरपालिकाले जनाएको छ ।

## जनकपुरधाममा वृक्षारोपण अभियान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ भदौ**



जलवायु परिवर्तनका कारण बढ्दो गर्मी, बाढी, पहिरो तथा मौसममा देखिएको अस्वभाविक परिवर्तनका बीच जनकपुरधाममा वृक्षारोपण अभियानलाई अघि बढाइएको छ। जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहको नेतृत्वमा जनकपुरधाम-१२ कुवास्थित राजदेवी मन्दिर अगाडिको सार्वजनिक खाली मैदानमा वृक्षारोपण गरिएको हो । वृक्षारोपणका क्रममा विभिन्न प्रजातिका करिब ५० वटा बिरुवा रोपिएका छन् । लामो समयदेखि खाली रहेको सार्वजनिक क्षेत्रलाई हरियालीयुक्त बनाउने उद्देश्यले वृक्षारोपण गरिएको जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा समिति सदस्यसमेत रहेका एनप्याब्सनका जनकपुरधाम नगर अध्यक्ष दिपक ठाकुरले बताए । कार्यक्रममा सहभागीहरूले तराईमा बढ्दो तापक्रम, घट्दो हरियाली र वातावरणीय असन्तुलन न्यूनीकरणका लागि सार्वजनिक स्थानमा वृक्षारोपणलाई अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिए ।

## बाढीपीडितका लागि रतौली युवा क्लबद्वारा डेढ लाख रुपैयाँ राहत सहयोग

**मो. इर्शाद**
**महोत्तरी, १८ भदौ**




रसुवा, नुवाकोट तथा धादिङलगायतका क्षेत्रमा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रतौली युवा क्लब (RYC), महोत्तरीले रु. १ लाख ५० हजार सहयोग गरेको छ ।

क्लबले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको जनाएको छ। बाढी तथा पहिरोबाट प्रभावित नागरिकलाई राहत उपलब्ध गराउने अभियानअन्तर्गत क्लबले सहयोग रकम प्रदान गरेको हो । सहयोग रकम जम्मा गरिएको बैंक भौचर तथा आवश्यक कागजातहरू आज जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा प्रमुख जिल्ला अधिकारीसमक्ष औपचारिक रूपमा बुझाइएको क्लबले जनाएको छ । विपद्को कठिन परिस्थितिमा पीडित समुदायलाई सहयोग गर्ने उद्देश्यले गरिएको यस मानवीय अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा साथ दिने क्लबका सदस्य, शुभेच्छुक, कर्मचारी, दाता तथा सहयोगीहरूप्रति रतौली युवा क्लबले आभार व्यक्त गरेको छ ।

क्लबले विपद्को समयमा पीडित समुदायको साथमा उभिनु सबैको साझा सामाजिक दायित्व भएको उल्लेख गर्दै बाढी प्रभावित परिवारको शीघ्र राहत, पुनर्स्थापना तथा सामान्य जीवनमा फर्कने वातावरण निर्माण होस् भन्ने कामना गरेको छ । "मानवताभन्दा ठूलो धर्म छैन, सहयोगभन्दा ठूलो सेवा छैन ।"

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# भू-उपयोगको नीति जरुरी

हामी सुशासन र विकासको जग बस्छ भन्ने आशा बोकेर बसिरहेका बेला, प्रकृतिले अर्को प्रहार गरिसकेका छन । पहाडका खोंचहरूमा बसेका बाक्ला बस्तीहरूलाई बाढी र पहिरोले एक्कैछिनमा सखाप पारेर बगरमा परिणत गरिदिएका छन ।‘ भगवानको देश’ भनेर चिनिने हाम्रो भूमिमा, भगवान्को पूजापाठ गर्न मन्दिरमा बसेका पुजारीहरूलाई समेत विपत्तिले बाँकी राखेन । न त ती मन्दिरहरूले बाढीको उन्मत्त बहावलाई नै रोक्न सक्यो । आखिर मानिसले आफ्नो गाँस काटेर जोहो गरेको सम्पत्ति, सन्तानको सुनौलो भविष्यका लागि साँचेको धन, स्कुल जाने साना लालाबालाका लागि राखिएको खानेकुरा, जिन्दगीभर पसिना बगाएर जोडेको सुन, चाँदी, गहना र घर–सबै निमेषभरमै सखाप हुँदो रहेछन । न त पानी पर्न छोड्छ, न त झरी रोकिने लक्षण नै देखिन्छ । यस्तो अवस्थामा मनमा एउटै प्रश्न उब्जिन्छन– के रहेछ त जिन्दगी ? के रहेछ धनसम्पत्ति, पद र प्रतिष्ठा ? अनि किन गर्ने यो व्यर्थको लोभ, लालच, घमण्ड र प्रतिशोध ? नेपालको इन्जिनियरिङ र विकासको मोडल हेर्दा लाग्छ, भत्केका पुल, घर र बाटोको पुनर्निर्माण फेरि उस्तै कमजोर जगमा हुँदैछन ।

जस्तो यहाँको अस्थिर भू-राजनीति छ, जस्तो नियतिवादी जनता र देवीदेवताको भर पर्ने प्रवृत्ति रहेको देखिन्छ, हाम्रो विकासको मोडल पनि त्यस्तै रहेको देखिन्छ । यदि पुनर्निर्माणलाई साँच्चिकै दीर्घकालीन, दिगो र विकासमुखी बनाउने हो भने हामीले परम्परागत नेपाली इन्जिनियरिङ र राजनीतिक हस्तक्षेपबाट माथि उठ्नैपर्छ । बस्ती बसाल्ने नयाँ प्रविधि र वैज्ञानिक भू-उपयोग नीति लागू गर्नु नितान्त आवश्यक रहेको देखिन्छ ।

# विद्यार्थीहरूद्वारा आफ्नो खाजाको पैसा बचाएर ५ हजार १०५ रुपैयाँको राहत

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १८ भदौ**



रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपहिरोबाट प्रभावित नागरिकलाई सहयोग गर्ने उद्देश्यले सर्लाहीका विद्यार्थीहरूले आफ्नो खाजाको पैसा बचाएर ५ हजार १०५ रुपैयाँ संकलन गरेका छन् ।

हरिहर जनता आधारभूत विद्यालय हरिपुर नगरपालिका-१ जानकीनगरका विद्यार्थीहरूले बाल क्लब र शिक्षकहरूको समन्वयमा रकम संकलन गरेका हुन् । विद्यार्थीहरूले आफूले दैनिक खाजा खान ल्याएको रकमबाट केही बचत गरी विपद्मा परेका नागरिकका लागि सहयोग गरेका हुन् । विद्यार्थीहरूको सहयोग अभियानमा स्थानीय शिक्षा प्रेमी शान्तिप्रसाद दुलालले ५१० रुपैयाँ, पण्डित रिखीराम काफ्लेले ७१० रुपैयाँ, मधुसुदन न्यौपानेले क्यूआरमार्फत २ हजार रुपैयाँ तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यबहादुर थापाले ५०० रुपैयाँ सहयोग गरेका थिए । विद्यार्थी र अन्य सहयोगदाताबाट संकलित गरी जम्मा ५ हजार १०५ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयले जनाएको छ ।

सानै उमेरमा विपद्मा परेका नागरिकलाई सहयोग गर्न विद्यार्थीहरूले देखाएको सामाजिक तथा मानवीय भावनाको विद्यालयका प्रधानाध्यापक जय नारायण सिंहसहित शिक्षकहरूले प्रशंसा गरेका छन् । प्रधानाध्यापक सिंहले विपद्का बेला सहयोग र सहकार्यको भावना विकास हुनु शिक्षाको महत्वपूर्ण पक्ष भएको बताए ।

# रामगोपालपुर नगरपालिकाद्वारा उद्धारकोषमा ३१ लाख बढी रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ भदौ**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि महोत्तरीको रामगोपालपुर नगरपालिकाले प्रधाममन्त्री दैवी प्रकोप उद्धार कोषमा ३१ लाख बढी रुपैयाँ सहयोग गर्ने भएको छ । नगर कार्यपालिकाको बुधबार बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३१ लाख ३८ हजार १३४ रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो । नगरपालिकाका अनुसार उक्त रकममध्ये नगर पालिकाको तर्फबाट १० लाख रुपैयाँ, सम्पूर्ण जनप्रतिनिधिको तर्फबाट ७ लाख ११ हजार ५०० रुपैयाँ,कर्मचारीको तर्फबाट ६ लाख ८ हजार ६९४ रुपैयाँ तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तर्फबाट ८ लाख १७ हजार ९४० रुपैयाँ रहेको छ ।नगरपालिकाले भदौ १० गते तिब्बत-नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको अभूतपूर्व बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति भाद्र ११ गते नै शोक प्रकट गर्दै मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली,सम्बन्धीत परिवारमा हार्दिक समबेदना र घाइतेहहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरिसकेको जानकारी नगर प्रमुख राम दुलार साह,प्रमुख प्रशासकीय अधिकृत डा.लोकनाथ भुसाल र लेखा अधिकृत नरेन्द्र कुमार यादवद्वारा हस्ताक्षरित सँयुक्त प्रेस विज्ञप्तिमा उल्लेख छ । यस्तो प्राकृतिक विपदबाट प्रभावित व्यक्ति,परिवार र समुदायको उद्धार ,राहत र पुनर्स्थापना गर्ने नेपाल सरकारको प्रयासमा होतमालो गर्नु वायुमण्डलमा अत्यधिक हरितगृह ग्याँसहरु उत्सर्जन गर्ने पक्षहरु र राज्यका सबै निकायहरुको नैतिक तथा मानवीय जिम्मेबारी र कर्तव्य रहेको उल्लेख गर्दै प्रमुख प्रशासकीय अधिकृत भुसालले सबैलाई यस बिपदसँग लड्न आग्रह गर्नु भयो । नगरपालिकाका अनुसार कर्मचारी तथा शिक्षक-कर्मचारीबाट संकलित रकम उनीहरूको सेवा सुविधाबाट निश्चित दिनको तलब कट्टा गरी योगदान गरिएको हो ।अधिकृतस्तरका कर्मचारीबाट सात दिन, सहायकस्तरबाट पाँच दिन र श्रेणीविहीन सहयोगीस्तरबाट दुई दिनको तलब योगदान गरिएको छ ।त्यसैगरी, माध्यमिक तहका शिक्षकबाट सात दिन, आधारभूत तहका शिक्षकबाट पाँच दिन तथा सहयोगी कार्यकर्ता र कर्मचारीबाट दुई दिनको तलब योगदान गरिएको नगरपालिकाले जनाएको छ

# बालेन सरकार मेरो सिन्दुर फिर्ता.................................................

क्षित स्थान समेत रहेको, त्यसभित्र ४ दिनसम्म खानपिन गर्न सक्ने खाद्य सामग्री र अक्सिजनको समेत व्यवस्था रहेकोले आफ्नो श्रीमान अझै पनि सूरक्षित रहेको दावा गर्छिन र भगवानसँग आफ्नो श्रीमान फर्केर आउने आशा अझै पालिरहेकी छिन् । तर, त्यसका लागि अब सरकारले ढिलो नगरी चाँडै उहाँलाई बाहिर निकालिदिन ईन्द्रा हारगुहार गरिरहेकी छिन् । उनी भन्छिन्, “जति ढिलो हुन्छ, अब हाम्रो आशा कम हुँदै जान्छ । त्यसैले बालेन सरकार छिटो बचाऊ गरिदिनुस ।” त्रिशुली ३ए को टनेलमा त्यसदिन विकास सहित करीब ४२ जना ईन्जिनियर र १० जना जति हेल्पर पसेको ईन्द्रा बताउँछिन । तर अहिलेसम्म कसैको कुनै अतोपत्तो छैन् । पिपरा गाउँपालिका ३ बस्ने शम्भुनाथ यादव (बेचन) का दुई भाई छोरा मध्ये जेठा रहेका विकास गत बैशाखमा कान्छो भाई शुभासको विहेमा आएर रसुवा गएको दिन सम्झँदै बुवा बेचनको पनि छोरा टनेलमा फँसेको सुनेकै दिनदेखि अन्नपानी बन्द छ भने उनलाई सधैंभरि छोरा सकुशल रहेको समाचार कतैबाट सुन्न पाउँ भनि लागिरहेको छ । त्यसैगरी आमा विणा देवी छाति पिटेर रुँदै कराउँदै आँगनमा जाने जो कोहीलाई पनि आफ्नो छोरा (विकास) लाई ल्याइदिन बिलौना गरिहेकी छिन् भने बहिनी निशा यादव पनि दाजुको प्रतिक्षामा रातदिन मूलढोकातिर हेरिरहेकी छिन् ।छोरीको दुःख सुनेर ससुराली गाउँ पुगेका ईन्द्राका बुवा भंगहा नगर पालिका ६ हतिसर्वा गाउँ बस्ने विजय यादव पनि छोरीको दुःखमा दुःखी हुँदै यो सबै बालेन सरकारको लापर्बाहीका कारण हो कि आफ्नो ज्वाँईको आज नौ दिन बितिसक्दा पनि कुनै अतोपत्तो छैन् भनी बताउँछन् । ईन्जिनियर विकासले केहि दिन अघि मात्रै यसैबवर्ष एमई ( ईन्जिनियरिँगमा मास्टर) गरेका थिए । उनकी आमा विणाले आफ्नो छोरा वैज्ञानिक रहेको र आफ्नो छोरलाई कसैले ल्याइदेऊन भनी बिलौना गरिरहेकी छिन् ।विकासको खोजीका लागि भाई शुभाष पनि रसुवासम्म पुगेको छ । तर उनलाई नेपाली सेनाले टनेलसम्म जान दिएको छैन । उनले आफ्नो दाजुको मोबाईलको लोकेशन टनेलभित्रै देखाइरहेको दाबी गर्दै टनेलसम्म जान खोज्दा उनलाई नेपाली सेनाले जान दिएको छैन र अगाडि काम हुँदैछ भने जवाफ दिएको उनले घरमा बताएका छन् । अहिले विकासको घरमा शुभचिन्तक, शुभेच्छुक, ईष्टमित्र र आफन्तहरुको घुँइचो लागेको छ । तर कुनै पनि प्रशासनिक निकायले घरमा ढाडस बधाउनका लागि पनि नआएको परिवारजनको आरोप छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार महोत्तरीका १० जना व्यक्तिहरु अझै पनि सम्पर्कविहिन रहेका छन् ।

## तपाईको टुडे

मेषः मनमा पछुतो आउने
वृषः अशुभ समाचार प्राप्त हुने
मिथूनः शुभ कार्यको शुरुवात
कर्कटः लामो यात्राको योग छ
सिंहः अनावश्यक चिन्ता
कन्याः खानपानमा समस्या आउने
तुलाः मित्रतामा फाटो आउने
वृश्चिकः विचार गरेर बोल्नुहोला
धनुः पढाईमा ध्यान दिनुपर्ने
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः पिछडेको साथी मिल्ने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत र बेल्जियमले प्रमुख रक्षा, व्यापार र स्वच्छ ऊर्जा सम्झौताहरूमार्फत रणनीतिक सम्बन्धलाई बलियो बनाउँदै



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ भदौ**

प्रधानमन्त्री नरेन्द्र मोदी र उनका बेल्जियमका समकक्षी बार्ट डे वेभर बीच बिहीबार नयाँ दिल्लीमा भएको उच्चस्तरीय द्विपक्षीय वार्तोले रक्षा सहयोग, व्यापार, स्वच्छ ऊर्जा र सुरक्षामा प्रमुख सम्झौताहरू सम्पन्न गरेको छ । परिणाम सम्झौताहरूको नेतृत्व गर्दै, विदेश मन्त्रालयले रक्षा सहयोगमा आशय पत्रमा हस्ताक्षरलाई हाइलाइट गऱ्यो। मन्त्रालयले उल्लेख गऱ्यो कि यो ढाँचाले स्वदेशी रक्षा उत्पादन, प्रविधि विकास, सह-डिजाइन, सह-विकास, सह-उत्पादन, र नयाँ उद्योग लगानीलाई प्रवर्द्धन गर्दै उन्नत प्रविधिहरू, विशेषज्ञता र युरोपेली रक्षा आपूर्ति श्रृंखलाहरूमा पहुँचलाई सहज बनाउँछ ।

यस प्रयासलाई पूरक बनाउँदै, बेल्जियम सुरक्षा र रक्षा उद्योग संघ र भारतीय रक्षा उत्पादकहरूको समाज बीच दोस्रो सम्झौतामा हस्ताक्षर गरियो। मन्त्रालयका अनुसार, यो रक्षा उद्योग समझदारीपत्रले भारतीय उत्पादकहरूलाई बेल्जियमको बजार र विशेषज्ञतामा पहुँच पुऱ्याउन एक दिगो च्यानल स्थापित गर्दछ, जसले उन्नत उत्पादनको स्थानीयकरण, घरेलु औद्योगिक क्षमता, कुशल रोजगारी सिर्जना, र आत्मनिर्भर भारत पहललाई समर्थन गर्दछ ।

अन्य तीन समझदारीपत्रहरूले नवीकरणीय ऊर्जा, कानून प्रवर्तन, र कूटनीतिक प्रशिक्षणका महत्वपूर्ण क्षेत्रहरूलाई सम्बोधन गर्दछ। विदेश मन्त्रालयले भनेझैं, प्राविधिक विशेषज्ञता साझा गर्दै बेल्जियम र युरोपेली संघसँग सहयोग विस्तार गरेर भारतको स्वच्छ-ऊर्जा संक्रमण र नेट-शून्य लक्ष्यहरूलाई तीव्र पार्न नवीकरणीय ऊर्जा ज्ञापनपत्रमा हस्ताक्षर गरिएको थियो ।

अपराध रोकथाममा, समयमै खुफिया आदानप्रदान र क्षमता निर्माण मार्फत अन्तर्राष्ट्रिय संगठित अपराध र साइबर अपराधसँग लड्न केन्द्रीय अनुसन्धान ब्यूरो र बेल्जियम संघीय प्रहरी बीचको समझदारीपत्र स्थापना गरिएको थियो । यसको अतिरिक्त, सुषमा स्वराज इन्स्टिच्युट अफ फरेन सर्भिस र बेल्जियमको एफपीएस फरेन अफेयर्स बीचको कूटनीतिक प्रशिक्षण ज्ञापनपत्रले संयुक्त प्रशिक्षण विधि, पाठ्यक्रम र कूटनीतिक आदानप्रदानलाई सहज बनाउनेछ । यी मुख्य सम्झौताहरू पछ्याउँदै, विदेश मन्त्रालयले शिखर सम्मेलनबाट धेरै अन्य उच्च-स्तरीय रणनीतिक निर्णयहरूको रूपरेखा प्रस्तुत गऱ्यो। दुवै राष्ट्रहरूले निर्यात बढाउन, युवा रोजगारी प्रवर्द्धन गर्न र प्रस्तावित भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौतासँग मिल्दोजुल्दो बनाउन आगामी पाँच वर्षमा द्विपक्षीय व्यापार दोब्बर गर्ने संयुक्त लक्ष्य राखेका छन् ।

सुरक्षा सम्बन्धलाई समर्थन गर्न, भारतले नियमित रक्षा संलग्नता, रक्षा-औद्योगिक मामिलाहरू, र समग्र रक्षा-देखि-रक्षा अन्तरक्रियाको लागि समग्र संस्थागत संरचनालाई सुदृढ पार्न ब्रसेल्सस्थित भारतीय दूतावासमा एक आवासीय रक्षा सहचारी नियुक्तिको घोषणा गरेको छ ।

# नेपालका बाढीपीडितको सहयोगमा जुट्न अस्कर विजेता अभिनेत्री मिसेल योहको अपिल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ भदौ**



अस्कर विजेता हलिउड अभिनेत्री मिसेल योहले नेपालमा आएको विनाशकारी आकस्मिक बाढीबाट प्रभावित नागरिकप्रति दुःख व्यक्त गर्दै सहयोगका लागि विश्व समुदायलाई अपिल गरेकी छन् । योहले तिब्बत सीमावर्ती क्षेत्रनजिक आएको बाढीबाट प्रभावित नेपाल र पीडितप्रति आफ्नो सहानुभूति रहेको बताएकी हुन् । उनले हजारौं मानिस अझै बेपत्ता रहेको र केही सेकेन्डमै असंख्य घर बगाएको उल्लेख गरेकी छन् ।

योहले हिमालय क्षेत्रमा आधारित राहत संस्था 'लिभ टु लभ' मार्फत नेपालका बाढीपीडितलाई सहयोग गर्न आग्रह गरेकी छन्। उनका अनुसार उक्त संस्था विपद् राहत तथा प्राकृतिक प्रकोपपछि पुनर्निर्माणको दीर्घकालीन काममा सक्रिय छ।

सन् २०१५ मा नेपालमा गएको विनाशकारी भूकम्पपछि आफू 'लिभ टु लभ'सँगै प्रभावित क्षेत्रमा पुगेर राहत कार्यमा सहभागी भएको अनुभव पनि उनले स्मरण गरेकी छन् । त्यसबेला संस्थामार्फत अत्यावश्यक प्राथमिक उपचार सामग्री, खाद्यान्न, पाल, औषधि तथा शिशु स्याहारका सामग्री आवश्यकतामा रहेका र पर्याप्त सहायता नपुगेका क्षेत्रमा पुऱ्याएको उनले उल्लेख गरेकी छन्। उनका अनुसार 'लिभ टु लभ'ले सयौं घर पुनर्निर्माण गर्नुका साथै मानव बेचबिखनविरुद्ध काम गरेको र निरन्तर स्वास्थ्य सेवा पनि उपलब्ध गराएको थियो । अहिले अचानक घर र परिवारका सदस्य गुमाउँदा धेरै मानिस पीडामा रहेको उल्लेख गर्दै योहले नेपालप्रति आशा र साथ दिन सबैलाई एकजुट हुन आग्रह गरेकी छन् । 'आज धेरै मानिस आफ्नो घर र परिवारका सदस्य अचानक गुमाउँदाको पीडामा छन्' उनले भनेकी छन्, 'आशा जगाउन हामी सबै एकजुट बनौं ।'

# धनौजीमा स्वास्थ्य सेवाको वार्षिक समीक्षा, उत्कृष्ट स्वास्थ्य चौकीलाई कदरपत्र



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १८ भदौ**

धनुषाको धनौजी गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित पालिकास्तरीय स्वास्थ्य कार्यक्रमहरूको दुईदिने वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ। भदौ १७ र १८ गते आयोजित गोष्ठीमा विभिन्न स्वास्थ्य कार्यक्रमको प्रगति, उपलब्धि तथा स्वास्थ्य सूचकका आधारमा स्वास्थ्य संस्थाहरूको मूल्याङ्कन गरिएको थियो।

गाउँपालिका अध्यक्ष राजकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजकुमार दास प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा वडाध्यक्ष, कार्यपालिका सदस्य तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। खोप, क्षयरोग, परिवार नियोजन, पोषणलगायतका स्वास्थ्य सूचकका आधारमा गरिएको मूल्याङ्कनमा बहुअर्वा स्वास्थ्य चौकी प्रथम, फोजी कटैया स्वास्थ्य चौकी द्वितीय र धनौजी स्वास्थ्य चौकी तृतीय भएका छन्। उत्कृष्ट स्थान हासिल गर्ने स्वास्थ्य चौकीहरूलाई कदरपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख उमेश साहले स्वास्थ्य कार्यक्रमको प्रगति तथा उपलब्धिबारे जानकारी गराएका थिए। कार्यक्रमको सहजीकरण रीतलाल मण्डलले गरेका थिए।

त्यसैगरी जिल्ला जनस्वास्थ्य अधिकृत आशा मण्डल जनस्वास्थ्य प्रशिक्षकका रूपमा सहभागी भई स्वास्थ्य कार्यक्रमको प्रभावकारिता तथा आगामी कार्यदिशाका विषयमा सहजीकरण गरेकी थिइन्।

जिल्ला धनुषा, मिथिल्ला नगरपालिका वडा नं. ०६, लक्ष्मिनीबास, ढल्केबर, धनुषामा स्थापना भई संचालन हुने विश्वकर्मा स: मिल तथा फर्निचर उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला मिथिल्ला नगरपालिका वडा नं. ०६, लक्ष्मिनीबासमा स्थापना भई संचालन हुने विश्वकर्मा स: मिल तथा फर्निचर उद्योगले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- विश्वकर्मा स: मिल तथा फर्निचर उद्योग<br>ठेगाना:- मिथिल्ला नगरपालिका वडा नं. ०६, लक्ष्मिनीबास, धनुषा<br>सम्पर्क नं:- ९८५४०२०२१४ |
| प्रस्तावको ब्यहोरा : | मिथिल्ला नगरपालिका वडा नं. ०६, लक्ष्मिनीबासको कित्ता नं. जग्गाको कि.नं.: १५७ को क्षेत्रफल ०-१०-२ (बिघा-कठ्ठा-धुर) भएको जग्गा र सो मा निर्माण भई संचालन हुने विश्वकर्मा स: मिल तथा फर्निचर उद्योगको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: | मिथिल्ला नगरपालिका |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

### राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय: | मिथिल्ला नगरपालिका<br>६ नं. वडाको कार्यालय, ढल्केबर, धनुषा |
| प्रस्तावकको नाम र ठेगाना: | नाम:- विश्वकर्मा स: मिल तथा फर्निचर उद्योग<br>ठेगाना:- मिथिल्ला नगरपालिका वडा नं. ०६, लक्ष्मिनीबास, ढल्केबर, धनुषा<br>सम्पर्क नं:- ९८५४०२०२१४<br>इमेल :- jugalshah302@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना: | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्ति: शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल: shambhuprasadchaurasia@gmail.com |

# विपत्तिक बीच मानवताक सबसँ सुन्दर तस्वीर:

-मुरली मनोहर मिश्र

नेपालमे २६ अगस्त २०२६ कें हिमालयी क्षेत्रमे आयल विनाशकारी फ्लैश-फ्लड केवल नदीक पानि नैइ छल, यी हिम, माटि, पत्थर आ मलबाक एहन विनाशकारी प्रवाह छल जे बस्ती, सड़क, पुल, विद्युत् परियोजना आ मानवीय जीवनकेँ तहस-नहस कऽ देलक । एहि महाविपत्तिक बीच प्रस्तुत तस्वीरक दू नन्हका चेहरा हमरा सभकेँ एकटा एहन कथा सुनबैत अछि, जाहि लेल शब्द वास्तवमे छोट पड़ि जाइत अछि। एकटा नन्हका भाइ अपन ढाई वर्षक बहिनकेँ अँगालमे समेटने अछि। नैइ ओकरा लग हेलमेट अछि, न जीवनरक्षक उपकरण, न त आपत्कालीन प्रशिक्षण । मुदा ओकर दूटा नन्हका बाहु बहिनकेँ एहन पकड़ने अछि जेना ओ पूरा संसारकेँ चुनौती दऽ रहल होय –
"पहिने हमर बहिन सुरक्षित रहत ।"
यी तस्वीर केवल भावुक नैइ, बहुत पैघ सामाजिक प्रश्न अछि
बाढ़ि सब किछु बहा सकैत अछि– घर, खेत, सड़क, पुल, सम्पत्ति आ कखनो-कखनो पूरा परिवार। मुदा यी तस्वीर देखबैत अछि जे विपत्तिक बीच सेहो मनुष्यक भीतरक प्रेमकेँ कोनो फ्लैश-फ्लड बहा नैइ सकैत अछि । चारि वर्षक बच्चा शायद 'आपदा व्यवस्थापन' नैइ बुझैत होयत। ओकरा 'रेस्क्यू प्रोटोकल', 'अर्ली वार्निङ सिस्टम' अथवा 'डिजास्टर रिस्पोन्स'क ज्ञान नैइ होयत। मुदा ओकर हृदयमे एकटा स्वाभाविक चेतना अछि जे – " यी हमर बहिन अछि, एकरा बचेनाइ हमर कर्तव्य अछि ।"

याह भाव मानवताक मूल आधार अछि। मुदा प्रश्न यी अछि जे–बच्चा रक्षक किएक बनल ? एतय भावुकताक संग-संग आलोचनात्मक दृष्टि सेहो जरूरी अछि । एकटा चारि वर्षक बच्चा अपन छोट बहिनकेँ बचाबऽक लेल अपन बाह पसारि रहल अछि, यी दृश्य सुन्दर अछि, मुदा एकरा देखिकऽ हमरा सभकेँ यी प्रश्न सेहो करबाक चाही जे एहि
क) बच्चासभक सुरक्षा करबाक जिम्मेदारी आखिर केकर अछि ?
ख) की केवल परिवारक ?
ग) राज्यक ?
घ) स्थानीय सरकारक ?
ङ) आपदा व्यवस्थापन प्रणालीक ?
च) समाजक ?
छ) आ अन्ततः हमरा सभक ?

बच्चाक हाथमे बहिनक सुरक्षा रहब प्रेमक सुन्दर प्रतीक भऽ सकैत अछि; मुदा आपदाक समय बच्चासभकेँ अपन सुरक्षा लेल स्वयं रक्षक बनि जाए पड़य, यी राज्यक व्यवस्थागत कमजोरीक संकेत सेहो भऽ सकैत अछि। फ्लैश-फ्लड हमरा सभकेँ प्रकृतिक शक्ति नैइ, अपन कमजोरी सेहो देखबैत अछि ।

नेपालक पहाड़ी भूगोल स्वभावतः जोखिमपूर्ण अछि। हिमनदी, हिमताल, तीव्र ढलान, नदीक संकीर्ण मार्ग आ भूकम्पीय सक्रियता, यी सभ प्राकृतिक जोखिमकेँ बढ़बैत अछि। मुदा प्राकृतिक जोखिमकेँ मानवीय विपत्तिमे बदलनिहार कारण सेहो बहुत अछि, जेनाकी :
क) अनियोजित बस्ती,
ख) नदीक किनारमे निर्माण,
ग) कमजोर पूर्वचेतावनी प्रणाली,
घ) जोखिमक अपर्याप्त नक्सांकन,
ङ) अव्यवस्थित सडक-पुल निर्माण,
च) वातावरणीय दोहन आ जलवायु परिवर्तनक प्रभाव ।

उपरोक्त सभ प्रश्न आब टारल नैइ जा सकैत अछि। हालक विपत्तिमे सड़क, पुल आ जलविद्युत् पूर्वाधारपर व्यापक क्षति भेल आ दुर्गम क्षेत्रमा उद्धार अत्यन्त कठिन बनल । तेँ आब प्रश्न केवल यी नैइ होबाक चाही जे–
"बाढ़ि किएक आयल ?"
प्रश्न ई सेहो होबाक चाही जे –
क) "बाढी अयबाक पहिने हमरा सभकेँ की पता छल ?"
ख) "पूर्वचेतावनी कतेक प्रभावकारी छल ?"
ग) "जोखिम क्षेत्रमे लोकसभकेँ समय पर कतऽ पहुँचाओल गेल ?" घ) "बालबालिकाक लेल विशेष सुरक्षा योजना कतऽ छल ?"

जलवायु परिवर्तनक चेतावनीकेँ आब नजरअन्दाज नैइ कएल जा सकैत अछि। हिमालय केवल नेपालक प्राकृतिक सम्पदा नैउ, पूरा दक्षिण एशियाक जल-सुरक्षाक आधार अछि। तापमानमे परिवर्तन, हिमनदीक अस्थिरता आ चरम मौसमी घटनासभक बढ़ैत जोखिम नेपाल लेल विशेष चिन्ताक विषय अछि । हालक घटनामे हिमनदीय/हिम-पत्थरक घटना आ अत्यधिक जलप्रवाहक कारण विनाशकारी फ्लैश-फ्लडक स्थिति बनल, जेकर प्रभाव नेपाल-चीन सीमाक्षेत्र सँ नीचाँक नदी प्रणाली धरि देखल गेल ।

अर्थात् हिमालयमे घटित घटना केवल पहाड़क घटना नैइ अछि; ओकर प्रभाव तराई, भारत आ पूरा गंगा मैदान धरि पहुँचि सकैत अछि। एहि कारणेँ नेपालकेँ केवल राहतक देश नैइ, पूर्वचेतावनी आ आपदा-प्रबन्धनक अग्रणी देश बनेबाक आवश्यकता अछि। आ एहि तस्वीरमे बच्चा हमरा सभसँ पैघ पाठ पढ़बैत अछि जे,
क) बाढ़कि बीच शायद ओकरा लगे किछुओ नैइ छल,
ख) नैइ भोजनक निश्चितता,
ग) नैइ घरक सुरक्षा,
घ) नैइ भविष्यक गारंटी,

तैयो ओकरा लग एकटा चीज छल–अपन बहिनक लेल प्रेम। यी प्रेम हमरा सभकेँ पूछैत अछि जे – जखन एकटा चारि वर्षक बच्चा अपन बहिन लेल एतेक जिम्मेदारी बुझि सकैत अछि, तखन हमर सरकार, समाज आ संस्थासभ अपन नागरिकक सुरक्षा लेल कतेक जिम्मेदारी बुझैत अछि ? बच्चा कहैत नैइ अछि–"पहिने हमरा बचाउ।"
ओ अपन बाहुमे बहिनकेँ समेटि कऽ मानू कहैत अछि–
"पहिने एकरा बचाउ ।"

यी भावुकता नैइ, मानव सभ्यताक नैतिक परीक्षा अछि। राहत सँ आगाँ–आब सुरक्षा चाही, फ्लैश-फ्लड अयलाक बाद हेलिकप्टर, सेना, प्रहरी, उद्धार टोली आ राहत सामग्री भेजब आवश्यक अछि। मुदा असली सफलता तखन मानल जाएत जखन अगिला विपत्तिक पहिने–
क) हिमनदी आ हिमतालक निरन्तर वैज्ञानिक निगरानी होय,
ख) अत्याधुनिक early–warning system स्थापित होय,
ग) नदीक जोखिम क्षेत्रक वैज्ञानिक नक्सांकन होय,
घ) विद्यालयसभमे बाल-आपदा सुरक्षा प्रशिक्षण अनिवार्य होय,
ङ) प्रत्येक बस्तीमे सुरक्षित evacuation route to होय,
च) सुरुङ, जलविद्युत् आ पहाड़ी परियोजनामे विशेष emergency–rescue protocol होय,
छ) नेपाल, भारत आ चीनबीच सीमापार जल-सूचना तत्काल आदान-प्रदान होय,
ज) आ विपत्तिक सूचना अन्तिम गाउँ आ अन्तिम परिवार धरि पहुँचबाक व्यवस्था होय ।

किएक तँ आपदाक बाद उद्धार करब आवश्यक अछि, मुदा आपदासँ पहिने जीवन बचेनाइ सुशासनक वास्तविक परीक्षा अछि ।
अन्तिम बात : दू नन्हका हाथ, एकटा पैघ सन्देश :

यी तस्वीरमे एकटा भाइ अछि, एकटा बहिन अछि आ चारूकात विपत्तिक भय अछि । मुदा ओहि भयक बीच भाइ अपन बहिनकेँ अँगालमे लेने अछि । शायद प्रकृति हमरा सभकेँ यी कहि रहल अछि जे – "तू सभ विकासक दौड़मे कतेको पैघ भवन बना लऽ, कतेको पैघ परियोजना बना लऽ; मुदा अन्ततः मानव जीवनक मूल्य एकटा नन्हका हाथक पकड़मे सेहो नापल जाएत ।"



क) फ्लैश-फ्लडक पानि घर बहा सकैत अछि,
ख) मलबा सड़क बहा सकैत अछि,
ग) प्रलय पुल बहा सकैत अछि–

मुदा प्रेम, अपनत्व आ मानवीय जिम्मेदारीकेँ नैइ बहा सकैत अछि । आ एहि लेल यी तस्वीर केवल एकटा भाइ-बहिनक तस्वीर नैइ अछि, यद्यपि नेपालक विपत्तिग्रस्त वर्तमानक बीच मानवताक जीवित तस्वीर अछि ।
क) यी राज्यक जिम्मेदारीक आईना अछि,
ख) यी बालसुरक्षाक मौन प्रश्न अछि,
ग) आ यी भविष्य लेल चेतावनी सेहो अछि जे–
" बच्चाक नन्हका हाथ रक्षा करबाक लेल नैइ, भविष्य गढ़बाक लेल होइत अछि;

राज्यक व्यवस्था एहन होय जे विपत्तिक समय कोनो बच्चाकेँ अपन बहिनक रक्षक बनेबाक विवशता नैइ होय ।"

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई



सम्पर्क –: दिलीप कुमार साह :–
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

### *मधेश प्रदेशका १९२ जनामध्ये........*

बलम्पाकी, लहान-४ का उमेश यादव र कञ्चनरुप-८ का अजय मरिक पनि परिवारको सम्पर्कमा आएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पछिल्लो विवरणमा मधेशका विभिन्न जिल्लाबाट अझै ठूलो संख्यामा नागरिक सम्पर्कविहीन छन् । सप्तरीका ४८, पर्साका ३८, बाराका २३, सर्लाहीका १८, रौतहटका १३, सिरहाका १२, महोत्तरीका १० र धनुषाका सात जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ ।

भोटेकोशी बाढी तथा त्यसपछि आएको बाढीपहिरोका कारण परिवार तथा आफन्तसँग सम्पर्क हुन नसकेका नागरिकको खोजीका लागि प्रहरीले विवरण संकलन गरिरहेको छ । विभिन्न जिल्लाबाट सम्पर्कविहीन भएका नागरिकबारे सूचना प्राप्त भइरहेकाले विवरण अद्यावधिक गर्ने कामसमेत भइरहेको प्रहरीको भनाइ छ । प्रहरीले परिवार तथा आफन्तसँग सम्पर्कविहीन भएका व्यक्तिको विवरण उपलब्ध गराउन र उनीहरू सम्पर्कमा आएमा तत्काल सम्बन्धित प्रहरी कार्यालयलाई जानकारी गराउन आग्रह गरेको छ ।

# बालेन सरकार मेरो सिन्दुर फिर्ता गरिदेऊ नत्र तिमीलाई सराप लाग्छ : ईन्द्रा अधिकारी



**सञ्जीतकुमार मण्डल**
**महोत्तरी, १८ भदौ**

केना कक निकाल्तै हमरा सरके, केना कक, हमरा सिन्दुरके लौटादो बालेन सरकार । नैत हमरा सब मैडमके सराप ओकरा लगतै । काइल्ह ओकरो साथ एहन कहियो होतै नत । अर्थात कसरी निकाल्छ मेरो सरलाई, कसरी, मेरो सिन्दुरलाई फिर्ता गरिदेओस बालेन सरकार । नत्र उनलाई हामी सबै मैडमको सराप लाग्छ। भोलि उनीसँग पनि कहिले यस्तो हुन्छ । यो बिलौना हो, महोत्तरी जिल्लाको पिपरा गाउँपालिका वडा नम्बर ३ मा बस्ने ईन्द्रा अधिकारीको को । जसका श्रीमान नेपाल सरकारका ईन्जिनियर भएर रसुवा जिल्लामा अवस्थित त्रिशुली ३ए जलविद्युत परियोजनामा काम गर्दैगर्दाको अवस्थामा भदौ १० गते भोटेकोशीको प्रलयकारी बाढीले टनेल भित्रै थुनिएका छन् । डेढ वर्षीया छोरी विभाँसी कुमारीलाई काखमा र छौ महिनाको गर्भ बोकेर बसिरहेकी ईन्द्रा अगाडि भन्छिन् , "बालेन सरकारले चाहेको भए चार दिनमै मेरो सर सहित सबै सर निस्किसकेको हुन्थ्यो ।उसकै ढिलासुस्तीका कारण आजसम्म हाम्रो सर आउन सकेको छैन् । त्यही स्थानमा उनको आफ्नो छोरी, आफ्नी बहिनी भएको भए, दुनियाको कुनै अस्त्र सस्त्र वा मान्छे खोजेर बचाएको हुन्थ्यो । तर, हाम्रो लागि केहि गरेको छैन् । हामी ३०।४० जना मैडमहरु सबै जना आज १० दिनदेखि रोईरहेका छौ । तर हाम्रो लागि केही गरेको छैन । झुटैको खनिरहेको भन्दै हिडेका छन् ।" उनी थप्छिन्, "मेरो बालेन सरकारसँग एउटै आग्रह छ, जसरी पनि हाम्रा सरहरुलाई ल्यादिनुस । नत्र हामी सबै मैडमहरु बच्चा सहित काठमाडौं आउँछौ, हामीलाई पनि गोली हान्दिनुस । हामी बाँचेर के गर्छौं । " दुईवर्ष अघि मात्रै बिहे गरेर अहिले श्रीमानसँगै रसुवामै बस्दै आएकी ईन्द्रा आफ्नी डेढ वर्षीया छोरी विभाँसी कुमारीलाई काखमा र छौ महिनाको गर्भ बोकेर श्रीमानसँगै र सुवामै बस्दै आएकी थिइन् । भदौ १० गते बिहान डेराबाट ६:४० बजे अफिसको लागि हिडेको श्रीमान विकास कुमार यादवले आफूसँग बिहान ८ बजेसम्म कुराकानी भएको ईन्द्रा बताउँछिन् । सधैं अफिसमा ८ बजे खाजा खाने गरेका श्रीमानले यस दिन पनि खाजा आएको र आफूसँग कुरा गरेर काममा लागेको उनले बताइन् । यसैबीच अचानक ९ बजेर १० मिनेटमा ठूलो आवाज भएको र आफू बस्ने कोठा समेत हलिएको देखेर उनी सहित सबै मैडमहरु बाहिर आएर हेर्दा सबैतिर भागाभाग थियो, मानिसहरु सबैतिर भाग्दै थिए र आफूहरुलाई पनि गार्ड दाईले मैडहरु भाग्नु भनेपछि ३ तल्ला माथि बस्दै आएकी ईन्द्राले ६ महिनाको गर्भ र डेढ वर्षीया छोरी सहित तल आएर छिटो छिटो माथि डाँडामा चढेको बताईन् । उनले डाँडा चढ्दै गर्दा एक हातबाट श्रीमान विकासलाई मोबाईलबाट फोन पनि गरिरहेकी थिईन र ९ बजेर १४ मिनेटसम्म आफ्नो श्रीमानको मोबाईल अनलाईन नै देखिएको उनी बताउँछिन् । तर, त्यसपछि आफ्नो मोबाईलको टावर समेत काटिएकोले उनीसँग कुनै सम्पर्क नभएको ईन्द्रा भन्छिन् । दिनभरि डाँडामा बसेर श्रीमानको प्रतिक्षा गरिरहेकी ईन्द्रा बेलुका नदीको पानी कम भएपछि तल ओर्लेर हेर्दा श्रीमानको अफिसनै थिएन र उनी काम गर्ने टनेल पनि देखिरहेको थिएन् । अबेर साँझ र अलि राति परिसक्दा पनि श्रीमान नआएपछि उनलाई माथिबाट आएकी एक स्थानीय आमाले सबै मैडमसहित माथि रात्री बासको लागि लगेको र भोलिपल्ट फेरी उनी दिनभरि घाम र पानी परिरहेकै अवस्थामा दिनभरि नदी किनारमा विकासको प्रतिक्षा गरेको उनी बताउँछिन् । ईन्द्राले दुई दिनसम्म श्रीमानको प्रतिक्षा गर्दा पनि नआएपछि तेस्रो दिनमा उनी नदी किनारमै बेहोस भएर लडेपछि नेपाली सेनाले उद्धार गरेर उनलाई हेलिकप्टर मार्फत नुवाकोट स्थित नेपाली सेनाको ब्यारेकमा र सोही दिन काठमाडौं पठाएको उनी बताउँछिन् ।गत शनिवार मात्रै ससुराली गाउँ महोत्तरीको पिपरा गाउँपालिका ३ मा आएकी ईन्द्रा सोही दिनदेखि श्रीमान्को प्रतिक्षामा रातदिन रुने, कराउने र कसैको मोबाईलमा कतैबाट फोन आयो भने आफ्नै श्रीमान्को खबर आयो भन्दै झस्किने गरेकी छिन् । छिनछिनमै बेहोश हुने र होश खुलेपछि कहाँ छन् मेरो सर ? भनेर ईन्द्रा बौलाएको जस्तो गरि रहेकी छिन् । उनी टनेलभित्र सूर

बांकी पृष्ठ ३ मा

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday